नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
र
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बीच भएको जग्गाधनी प्रमाणपूर्जा, श्रेस्ता तथा कार्यालयका चिठीपत्र लगायतका सामाग्री ढुवानी तथा वितरण सम्बन्धी

# सम्झौता पत्र

हुलाक सेवा विभाग बबरमहल, काठमाडौं (यसपछि प्रथम पक्ष भनिएको) र भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं (यसपछि दोस्रो पक्ष भनिएको) बीच दोस्रो पक्षबाट उपलब्ध गराइएको जग्गाधनी प्रमाणपूर्जा, श्रेस्ता तथा कार्यालयका चिठ्ठीपत्र लगायतका सामग्रीहरू तोकिएको स्थानसम्म तपसिलको शर्तको अधिनमा रही हुलाक मार्फत ढुवानी र वितरण गर्नका लागि गरिएको दुईपक्षीय सहमतिको सम्झौता।

## सम्झौताका शर्तहरू

१. प्रथम पक्षले दोस्रो पक्षलाई हुलाक सेवा मार्फत प्रचलित कानून बमोजिम जग्गाधनी प्रमाणपूर्जा, श्रेस्ता तथा कार्यालयका चिठ्ठी पत्र लगायतका सामग्रीहरूको ढुवानी सेवा प्रदान गर्नेछ।

२. दोस्रो पक्षले कार्यालय परिसरबाट उपलब्ध गराएको हुलाक बस्तु (प्रति प्याकेज बढीमा २० के.जी सम्म)लाई प्रथम पक्षले सम्बन्धित जिल्ला सदरमुकाममा रहेको भूमि प्रशासन कार्यालयसम्म ढुवानी गर्नेछ। यसरी ढुवानी गर्दा हुलाक रुटमा तोकिएको कार्यालय बाटोमा नै पर्ने भए दोस्रो पक्षको प्रापक कार्यालयलाई बुझाउनु पर्नेछ।

३. चिठ्ठीपत्र साथै फायलहरुको हकमा तोकिएको कार्यालयमा नै प्रथम पक्षले बुझाउनु पर्नेछ र सोको भरपाई दोस्रो पक्षलाई उपलब्ध गराउने दायित्व प्रथम पक्षको हुनेछ।

महानिर्देशक

महानिर्देशक

४. दोस्रो पक्षले हुलाक वस्तु बुझाई सके पश्चातको सुरक्षा र संरक्षण गर्ने दायित्व प्रथम पक्षको हुनेछ।

५. प्रथम पक्षले दोस्रो पक्षको हुलाक वस्तु दोस्रो पक्षको दर्ता शाखाबाट (सार्वजनिक बिदाको दिन बाहेक) दैनिक/आवश्यकता अनुसार संकलन गर्नु पर्नेछ।

६. दोस्रो पक्षले हुलाक मार्फत तोकिएको स्थानमा पठाइएको हुलाक वस्तु बुझ्ने कर्मचारी, समय र स्थानको विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

७. प्रथम पक्षले हुलाक बस्तुलाई Postal Internal Tracking System (PITS) मा दर्ता गरी सम्बन्धित गन्तव्य ठेगानासम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ। साथै दोस्रो पक्षलाई हुलाक बस्तुको ट्र्याकिङ गर्न सक्ने व्यवस्था प्रथम पक्षले उपलब्ध गराउनुपर्नेछ।

८. दोस्रो पक्षबाट प्राप्त हुलाक वस्तु ढुवानी गरिने स्थान/जिल्लागत/कार्यालयगत हिसावले दोस्रो पक्षको आवश्यकता अनुसार रजिष्ट्री, पुलिन्दा (Parcel), इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा प्रथम पक्षले दर्ता गर्नेछ।

९. प्रथम पक्षले रजिष्ट्री, पुलिन्दा (Parcel), इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा दर्ता गरेका हुलाक वस्तु सम्बन्धित गन्तव्यमा यथासम्भव छिटो पुऱ्याउनु पर्नेछ। काबु बाहिरको परिस्थिति (प्राकृतिक तथा मानव सिर्जित विपद) मा हुलाक वस्तु तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएको अवस्थामा तत्कालै दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ।

१०. प्रथम पक्षले हुलाक वस्तु तोकिएको स्थानमा ढुवानी गरे बापत रजिष्ट्रि/पुलिन्दा (Parcel)/ई.एम.एस. को प्रचलित नियमानुसारको हुलाक महसुल दोस्रो पक्षले गोश्वारा हुलाक कार्यालय, डिल्लीवजार, काठमाडौंलाई मासिक/त्रैमासिक रूपमा भुक्तानी गर्नेछ।

११. प्रथम पक्षले नियमानुसारको हुलाक महसुलको विल समयमै दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

१२. प्रथम पक्षले हुलाकवस्तु लैजान र ढुवानी गरिएका सामग्री फिर्ता ल्याउन आवश्यकता अनुसार स्थल वा हवाई मार्ग प्रयोग गर्न सक्नेछ। हवाई मार्गको प्रयोग गरिएको अवस्थामा सोही बमोजिमको नियमानुसारको महसुल र शुल्क दोस्रो पक्षले प्रथम पक्ष (गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार) लाई उपलब्ध गराउनु पर्नेछ।

महानिर्देशक    महानिर्देशक

१३. दोस्रो पक्षले प्रथम पक्षसँग उपलब्ध सवारी साधनलाई भारी पुग्ने गरी ठूलो परिमाणमा हुलाकबस्तु हुँदाको बखत सिधै गन्तव्यमा पुऱ्याउनु पर्ने भएमा कम्तिमा ७(सात) दिन अगावै जानकारी गराई आपसी समन्वयमा हुलाकबस्तुहरू ढुवानी र वितरणको व्यवस्था गोश्वारा हुलाक कार्यालय डिल्लीबजार, काठमाडौंले मिलाउनेछ।

१४. पठाउनु पर्ने गन्तव्यका हुलाकबस्तुलाई प्रापक कार्यालयगत रुपमा अलग-अलग र सुरक्षित रुपमा प्याकिङ गर्ने दायित्त्व दोस्रो पक्षको हुनेछ।

१५. प्रथम पक्षले हुलाकबस्तु ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखापरीक्षणका शिलसिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा दोस्रो पक्षले सोको व्यहोरा प्रथम पक्षलाई जानकारी गराई आपसी सहमतिमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

१६. सेवा प्रवाहमा कुनै समस्या भएमा दुवै पक्षको आपसी सहमतिमा यस सम्झौताका शर्तहरू संशोधन तथा परिमार्जन गर्न र कार्य प्रक्रियालाई सुधार गर्न सकिनेछ।

१७. यो सम्झौता बमोजिमको हुलाकबस्तु ढुवानीको समन्वय, संचालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तर्गतको गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार मार्फत हुनेछ।

१८. हुलाकबस्तु ढुवानी सेवामा गुनासो समाधान र अन्य व्यवस्था हुलाक सेवाको प्रचलित कानून बमोजिम हुनेछ।

१९. यो सम्झौता कार्यान्वयन गर्न र कुनै समस्या वा विवाद आएमा समाधानका लागि सहजीकरण तथा समन्वय गर्न दुवै पक्षले आ-आफ्नो तर्फबाट एक-एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी एक आपसमा सोको लिखित जानकारी गराउनु पर्नेछ। कुनै पक्षबाट साविकको सम्पर्क व्यक्ति परिवर्तन भएमा सोको जानकारी यथाशीघ्र अर्को पक्षलाई दिनु पर्नेछ।

२०. यो सम्झौता २०८३ श्रावण १ देखि लागू हुनेछ। दुवै पक्षबाट प्रचलित कानून बमोजिम भंग नभएसम्म यो सम्झौता कायम रहनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तिमा ३० (तीस) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई दिनुपर्नेछ। प्रचलित कानून बमोजिम यो सम्झौता भंग गर्नुपर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लेखित सर्तहरू बमोजिम आ-आफ्नो पक्षको दायित्त्व सम्भव भएसम्म सोही आ.व. भित्रमा फरफारक गर्नुपर्नेछ।

२१. यो सम्झौताका शर्तहरुमा थपघट गर्नुपरेमा दुवै पक्षको सहमतिमा पुरक सम्झौता गर्न सकिनेछ।

२२. यस सम्झौतामा उल्लेख गरिएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

| ***प्रथम पक्ष*** | ***दोस्रो पक्ष*** |
| --- | --- |
| ................................ | ................................ |
| **मनमाया भट्टराई पगेनी** | **योगेन्द्र प्रसाद दुलाल** |
| महानिर्देशक | महानिर्देशक |
| हुलाक सेवा विभाग | भूमि व्यवस्थापन तथा अभिलेख विभाग |
| बबरमहल, काठमाडौं। | बबरमहल, काठमाडौं। |

| ***साक्षी*** | ***साक्षी*** |
| --- | --- |
| ................................ | ................................ |
| **श्री ढाल बहादुर जि.सी.** | **होम वहादुर थापा** |
| प्रमुख हुलाक अधिकृत | निर्देशक |
| गोश्वारा हुलाक कार्यालय, | भूमि व्यवस्थापन तथा अभिलेख विभाग |
| डिल्लीबजार, काठमाडौं। | बबरमहल, काठमाडौं। |

ईति सम्वत् २०८३ साल श्रावण ८ गते शुक्रवार।